सुनापति गाउंकार्यपालिकाको बैठक संख्या: १६
आ.व.२०८१/०८२
मिति:२०८२ असार ०६ गते शुक्रबार
समय: बिहान १०:०० बजे
स्थान: सुनापति गाउंपालिका

आज मिति २०८२ साल असार ०६ गते शुक्रबारका दिन यस सुनापति गाउंपालिकाका अध्यक्ष श्री ठुलो कान्छा तामाङज्यूको अध्यक्षतामा सुनापति गाउंकार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो।

**उपस्थिति:**

| | |
|---|---|
| १. श्री ठुलो कान्छा तामाङ | अध्यक्ष |
| २. श्री गीता विष्ट | उपाध्यक्ष |
| ३. श्री ध्रुव प्रसाद चौलागाई | सदस्य |
| ४. श्री पदम वहादुर थापा | सदस्य |
| ५. श्री कुल वहादुर थिङ | सदस्य |
| ६. श्री डन्डुप लामा | सदस्य |
| ७. श्री चित्र वहादुर मानन्धर | सदस्य |
| ८. श्री रीता कामी धमला | सदस्य |
| ९. श्री अविना लामा | सदस्य |
| १०. श्री सुनमाया तामाङ | सदस्य |
| ११. श्री हरि माया श्रेष्ठ | सदस्य |
| १२. श्री टासी लामा | सदस्य |
| १३. श्री मिन कुमार खाती | सदस्य |
| १४. श्री सुरेश कुमार श्रेष्ठ | सचिव |

सुरेश कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

अन्य उपस्थिति:

१५. श्री रविन्द्र कुरेल- प्रशासन शाखा
१६ .श्री शुक्र वहादुर तितुङ - कार्यालय सहयोगी

सुनापति गाउँपालिका, हिलेदेवी, रामेछाप

आ.व.२०८१/०८२ को १६ औं कार्यपालिका बैठक

असार ०६, २०८२

ने.स. ११४५ तछलागा ०९ शुक्रबार

| क्र. सं. | प्रस्तावहरु | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | अघिल्ला कार्यपालिका बैठकको निर्णयहरुको समीक्षा सम्वन्धमा। | अघिल्ला गाउँकार्यपालिकाको बैठकले गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाबारे छलफल र समीक्षा गर्दै निर्णय कार्यान्वयनलाई अझ प्रभावकारी, कानूनसम्मत र समयमा कार्यान्वयन गर्ने निर्णय गरियो। राजपत्रमा प्रकाशित कार्यविधि तथा कानूनहरु सकलन गरी कानून संग्रह प्रकाशन गर्ने निर्णय गरियो। निर्णय कार्यान्वयनको वार्षिक प्रतिवेदन बनाई वार्षिक समीक्षामा प्रस्तुत गर्ने निर्णय गरियो। |
| २ | योजनाहरुको अनुगमन र भुक्तानी सम्वन्धमा। | यस सम्वन्धमा विस्तृत छलफल गर्दा यस सुनापति गाउँपालिकाको चालु आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम अनुसार स्वीकृत वजेट र कार्यक्रममा बजेट विनियोजन भई कार्यान्वयनमा रहेका योजनाहरुको वडा स्तरीय अनुगमन समिति, पालिका स्तरीय अनुगमन समितिले सम्वन्धित वडा प्राविधिक र इन्जिनियरको रोहबरमा अनुगमन तथा प्रतिवेदन गरी कार्य सम्पन्न भएका तपसिलका योजनाहरुको अन्तिम भुक्तानीको लागि गाउँ कार्यपालिकाको कार्यालयमा सिफारिस भए अनुसार प्राविधिक मूल्यांकन, नापी किताब र सम्वन्धित टिप्पणी र तोक आदेश अनुसार भुक्तानी दिने र भुक्तानी भएको योजनाको अनुमोदन गर्ने निर्णय गरियो।<br>तपसिलः<br><u>सम्पन्न भएका योजनाहरुको भुक्तानी सम्वन्धमाः २०८२/०३/०६ का.पा. बैठकः</u><br>१. गुन्सी सामुदायिक स्वास्थ्य इकाई निर्माण तथा सवलीकरण योजना रु. १००००००/- वडा नं. १।<br>२. सुनापति डाँडामा खाडल खन्ने पुर्ने कार्यको रोजगारवाट भुक्तानी हुने अमानत रकम रु. ५२५६२ वडा नं. ३। |
| ३ | योजना शिर्षक संशोधन सम्वन्धमा। | यस सम्वन्धमा छलफल गर्दा नेपाल सरकार राष्ट्रिय योजना आयोगमा पेश भएको समपूरक योजना अन्तर्गतको आर्थिक वर्ष २०८२/०८३ को लागि संघीय सरकार समक्ष खान्जा पिप्ले काठेपिपल खोपपाखा लोप्राङ्ग सडक स्तरोन्नति शिर्षकको योजना पेश भई संघको वजेट तथा कार्यक्रमवाट रु. ६९ लाख (उनान्सत्तरी लाख) वजेट सुनिश्चित भएको र वागमती प्रदेश सरकारमा समेत सो योजना समपुरक वजेटको लागि पेश भई रु. १ करोड ३३ लाख (एक करोड तेत्तीस लाख) वजेट सुनिश्चित भएको र एउटै योजनामा दोहोरो वजेट सुनिश्चित भएकोले श्री राष्ट्रिय योजना आयोगमा र श्री अर्थ मन्त्रालय, सिंहदरवार काठमाण्डौमा शिर्षक संशोधन गरी तपसिलको योजना कायम गराउन निर्णय सहित पेस गर्ने निर्णय गरियो।<br>तपसिलः<br>१. खानीखोला हुँदै गुन्सी वडा कार्यालयसम्म सडक मर्मत तथा स्तरोन्नति, सुनापति १। |

सुरेश कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत